☎ ०२३–४७५०९९ (023-475099)
☎ ०२३–४७५०८१ (023-475981)

कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प. स. ०७४/०७५
च. न. १०८३

E-mail: kamalruralmun@gmail.com

## बहाल (हाटबजार) कर सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७५/०३/१८

यस गाउँपालिकाको निणय अनुसार यस गाउँपालिका अन्तर्गत तपशिल वमोजिमको बहाल (हाटबजार) कर सङ्कलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले तोकिएको शर्तहरुको अधिनमा रही ७(सात) दिन भित्र शिलबन्दी बोल कबोल अङ्क पेश गर्नुहुन सम्बन्धित सबैलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| सि.नं. | ठेक्काको विवरण | न्यूनतम अंक (भ्याट बाहेक) | आवेदन दस्तुर | आवेदन खरिद गर्ने म्याद | आवेदन पत्र दाखिला गर्ने अन्तिम मिति र समय | आवेदन खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | केर्खा, क्याम्पा, मङ्गलवारे, सरङपाडा, समयगढ, वासवारी, रङ्गपुर बजार (हाटबजार कर) | १,५०,०००/- | ७००/- | २०७५/०३/२४ कार्यालय समयभित्र | २०७५/०३/२५ गते दिनको १२:०० बजेभित्र | २०७५/०३/२५ गते दिनको २:०० बजेपछि |

**सर्तहरु:**

१) **आवेदन पत्र** खरिद गर्न ईच्छुक **आवेदन पत्र** दाताले उल्लेख भए अनुसारको **आवेदन पत्र** दस्तुर यस कार्यालयमा बुझाई प्राप्त गर्न सकिनेछ

२) खरिद भएका आवेदन पत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी ठेक्का नम्बर, कामको विवरण, आवेदन पत्र दाताको नाम र ठेगाना स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता अनुसार आवेदन पत्र पेश गर्न सकिनेछ। आवेदन पत्र दाताले आफुले पेश गरेको आवेदन पत्र फिर्ता वा संशोधन गर्न चाहेमा आवेदन पत्र पेश गर्न तोकिएको अन्तिम समय समाप्त हुनुभन्दा २४ (चौविस) घण्टा अगावै आवेदन पत्र फिर्ता वा संशोधन गर्न बोल पत्र पेश गर्न तोकिएको अन्तिम समयभित्र सिलबन्दी निवेदन पेश गर्नु पर्नेछ।

३) कार्यालयबाट आवेदन पत्र फाराम खरिद गर्दा नागरिकताको प्रमाण पत्र, VAT दर्ता प्रमाण पत्र, २०७३/७४ को कर चुक्ता प्रमाण पत्र र तोकिएको रकम नगदै (पछि फिर्ता नहुने गरी) बुझाई माथि उल्लेखित मिति भित्र यस कार्यालयबाट खरिद गर्न सकिने छ।

४) माथि उल्लेखित न्यूनतम अंक भएको आन्तरिक आयको ठेक्का स्वीकृत भएपश्चात् सम्झौताका बखत सम्बन्धित ठेकेदारले नेपाल सरकारले तोकेअनुसार मूल्य अभिवृद्धि कर ( VAT हाल १३ प्रतिशत ) आफुले कबोल गरेको अंकमा थप गरी हुन आउने रकम अग्रिम रुपमा एकमुष्ठ यसै कार्यालयमा बुझाउनु पर्नेछ। ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाउदा स्वीकृत अंकमा बढीमा १० प्रतिशत छुट दिन सकिनेछ।

५) आवेदन पत्र फारामहरु माथि उल्लेखित समय भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। सो समय भित्र पर्न आएका आवेदन पत्रहरु दाखिला गर्ने अन्तिम मितिका दिन दिनको २:०० बजेपछि आवेदन पत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिने छ। सो समयमा आवेदन पत्रदाता वा निजहरुको प्रतिनिधि उपस्थित नभएमा पनि आवेदन पत्र खोल्न वाधा पर्ने छैन।

६) आवेदन पत्र फाराम जसको नाममा खरिद गरिएको हो सोही व्यक्ति वा फर्मको नाममा मात्र दाखिला गर्नु पर्नेछ।

७) आवेदन पत्र फाराममा उल्लेखित कवोल अंकको स्वदेशी नागरिक भए ५ प्रतिशत तथा विदेशी नागरिक भए १०.०० प्रतिशत धरौटी रकम यस कार्यालयको एन एम बि. बैंक केर्खा स्थित धरौटी खाता नं. ०६४०९१००५८१९६४००००००८ मा नगदै जम्मा गरेको सक्कलै बैंक भौचरको दोश्रो प्रति पेश गर्नुपर्नेछ। धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै रुपमा समावेश गर्नु पर्नेछ। धरौटी जम्मा गरेको भौचरको पछाडि धरौटी जम्मा गर्ने व्यक्ति/फर्मको नाम तथा कुन शिर्षकको धरौटी हो स्पष्ट उल्लेख गर्नु पर्नेछ।

८) आवेदन पत्र फाराम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ। टिपेक्स लगाएमा आवेदन पत्र दाताले टिपेक्स लगाएको ठाँउमा दस्तखत गरेको हुनु पर्नेछ।

☏ ०२३-४७५०९९ (023-475099)
☏ ०२३-४७५९८१ (023-475981)
कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल
E-mail: kamalruralmun@gmail.com

प.स. ०७४/०७५
च.न. १०८६

९) आवेदन पत्र स्वीकृत भएपछि सूचना पाएको वा पत्रिकामा सूचना प्रकाशन भएको मितिले ३ ( तीन ) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी पट्टा नलिएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको क्रमाअनुसार रितपूर्वकको आवेदन पत्रदातालाई नियमानुसार ठेक्का सम्झौता गर्न सूचना दिन सकिनेछ ।

१०) ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार बुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सबै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा बुझाउनु पर्नेछ ।

११) नेपाल सरकार, जिल्ला समन्वय समितिको कार्यालय र गाउंपालिकाले समय समयमा दिइएका नीति, निर्देशन तथा आदेशहरुको पालना ठेकेदारले गर्नु पर्नेछ ।

१२) कर, दस्तुर र शुल्क उठाउन प्रयोग हुने रसिदहरु छुट्टाछुट्टै ठेक्काको लागि अलग अलग रुपमा २ ( दुई ) प्रति भएको रसिद ठेकेदार आफैले छपाई सो मा कार्यालयको छाप र कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीबाट प्रमाणित गराई सो को अभिलेख कार्यालयमा राखेर मात्र दस्तुर र सेवा शुल्क उठाउन प्रयोगमा ल्याउनु पर्नेछ ।

१३) ठेक्का सम्वन्धमा कुनै किसिमको विवादको स्थिति सृजना भएमा वा कार्यालय र ठेकेदार विच कुनै विवाद उत्पन्न भएमा गाउंपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ र सो निर्णय मान्नु ठेकेदारको कर्तव्य हुनेछ ।

१४) ठेक्का अवधि भुक्तान भईसकेपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको पत्र पेश भएपछि मात्र धरौटी रकम फिर्ता गरिने छ । धरौटी रकमलाई किस्तामा समावेश गरिने छैन । एकमुष्ठ रकम बुझाएपनि ठेक्का अवधिभर ५(पाँच) प्रतिशत रकम धरौटी स्वरुप कार्यालयमा राखिनेछ । ठेक्का अवधिपश्चात् मात्र सो रकम फिर्ता गरिनेछ ।

१५) गाउंपालिकालाई रकम बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति वा फर्महरुले त्यस्तो बांकी रकम नबुझाएसम्म निजको आवेदन पत्र स्वीकृत गरिने छैन ।

१६) आवेदन पत्रदाताले खामको बाहिर आफुले लिन चाहेको ठेक्काको ठेक्का नं., नाम एवम् आवेदन पत्रदाताको नाम र ठेगाना स्पष्टसंग उल्लेख गर्नु पर्नेछ ।

१७) ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असुल हुन बांकी रकममा १० प्रतिशत व्याज जोडी असुल उपर गरिने छ । यसरी ठेक्का तोडिन गई बांकी अवधिको लागि ठेक्का वा अन्य व्यवस्था गर्दा निजले कवोल गरे भन्दा कम रकम उठ्न गएमा सो कम रकम पनि पूर्व ठेकेदारबाटै सरकारी बांकी सरह असुल उपर गरिनेछ

१८) ठेक्का अवधि २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्तसम्म १ ( एक ) वर्षको हुनेछ ।

१९) कर र शुल्क उठाउन पाउने सामाग्रीहरुको विवरण एवम् पटके सवारी कर समेतका दररेटहरुको विवरण आवेदन पत्र फाराम साथ प्राप्त हुनेछ ।

२०) आवेदन पत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन विदा पर्न गएमा उक्त कार्य सोको क्रमशः भोलिपल्ट हुनेछ ।

२१) वार्षिक सवारी कर बुझाई जिल्ला समन्वय समिति तथा गाउंपालिकाबाट प्रमाण-पत्र लिएका सवारी साधनहरुबाट तोकिएको सडकमा पटके सवारी कर लिन पाइने छैन । पटके सडक सवारी कर असुल गर्दा सडकको पायक पर्ने कुनै एक स्थानमा बसी कर संकलन गर्नु पर्नेछ । सामान्यतय क्रसिङ प्वाइन्ट र सडकको ५०० मिटर पार नगरेका सवारी साधनबाट र क्रसिङ मात्र गर्दा सवारी कर असुल गर्न पाईने छैन ।

२२) ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

२३) छुट दिने कुरा बाहेक शर्त राखी पेश गरेको, रीत नपुगेको र म्याद नाघी आएका आवेदन पत्र माथि कारवाही हुने छैन ।

२४) माथि उल्लेखित शर्तहरु बाहेक अन्यका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ र ठेक्काका अन्य शर्तहरु प्रचलित कानून तथा गाउंपालिकाको निर्णयानुसार सम्झौताका बखतमा निर्धारित हुनेछन् ।

२५) ठेक्का संचालनको अवधिमा कुनै किसिमको छुट, माफी, मिनाहा माग्न पाइने छैन । बन्द, हड्ताल जस्ता असामान्य परिस्थिति भए/परेमा नेपाल सरकारको नीतिगत निर्णयको आधारमा मात्र निर्णय गर्न सकिनेछ ।

२६) यस सम्बन्धमा थप कुराहरु बुझ्न आवश्यक परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

२७) यस कार्यालयको छाप र कार्यालय प्रमुख र निजले तोकेको कर्मचारीबाट प्रमाणित नगरिएको आवेदन पत्रलाई मान्यता दिईने छैन ।

२८) गैरकानुनी रुपले सम्झौता विपरित कार्य गरेमा ठेक्का तोडी सम्पूर्ण हर्जना तिराई कालो सूचीमा राख्ने तर्फ कार्यवाही चलाईनेछ ।

२९) सुचना अवधिमा कुनै परिपत्र, निर्देशन तथा निर्णय भई सुचनामा केहि संशोधन तथा थपघट गर्नु परेमा सार्वजनिक सुचना गरी जानकारी गराईनेछ ।

३०) मिन्हा माफी तथा छुट सम्बन्धमा यस सुचना वमोजिम संझौता भई ठेक्का चलानपूर्जी जारी गरीएपछि कुनै किसिमको मिनाहा वा छुट हुने छैन ।
कुनै कारण देखाई वा नदेखाई आवेदन पत्र स्वीकृत वा अस्वीकृत गर्ने अधिकार कमल गाउंकार्यपालिकाको कार्यालय, झापामा सुरक्षित रहनेछ ।

३१) यस सूचनाका शर्तबाहेक ठेक्काका अन्य शर्तहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

३२) अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा गाउंपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

...................................
युवराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत